# नेपाल विद्युत प्राधिकरणको
## अत्यन्त जरुरी सूचना

कोभिड-१९ को सम्भाबित संक्रमणलाई दृष्टिगत गर्दै नेपाल सरकारबाट अत्यावश्यक सेवा सुचारु गरी मिति २०७६।१२।११ देखि २०७६।१२।१८ गतेसम्म मुलुकभर लक डाउन गर्ने निर्णय भएकोले यस बिषम परिस्थितिमा प्राधिकरणका बिभिन्न कार्यालय र कर्मचारीहरुले निम्नानुसार गर्नु गराउनु हुनेछ :

(१) उत्पादन, प्रसारण र वितरण तथा ग्राहक सेवा निर्देशनालयले बिद्युतको नियमित उत्पादन, प्रसारण र आपूर्ति हुने ब्यवस्था मिलाउने र सो सम्वन्धमा आवश्यक सहयोग तथा समन्वय गर्ने,

(२) भार प्रेषण केन्द्र, उत्पादन केन्द्र, वितरण केन्द्र र ग्रीड सबस्टेशनका कार्यालय प्रमुखले शिफ्ट ड्यूटी, नो लाइट, मिटर सिकायत र मर्मत सम्भारमा आवश्यकतानुसारका कर्मचारीलाई खटाउने र त्यस्ता कर्मचारीले पूर्ब जारी गरिएका स्वास्थ्यसम्वन्धी सूचनाको पालना गरी ड्यूटीमा खटिने । सम्वन्धित कार्यालय प्रमुखहरुले स्थानीय प्रशासनसँग सम्पर्क र समन्वय गरी सेवा सुचारु गर्न गराउन आवश्यक व्यवस्था मिलाउने । सो को Reporting आफ्नो तालुक कार्यालयलाई नियमितरुपमा गर्ने,

(३) कार्यालय प्रमुखले शिफ्ट ड्यूटी, नो लाइट, मिटर सिकायत र मर्मत सम्भारमा खटाइने कर्मचारीहरुको बैकल्पिक ब्यवस्थासहितको अलगै सूची (Roster) बनाई तदनुरुप ड्यूटीमा खटाउने । यस्ता कर्मचारीलाई यथासम्भब कार्यालयमा अलगै (Isolation) बस्ने ब्यवस्था मिलाउने । कार्यालय परिसरमा बाह्य ब्यक्तिको प्रवेश निषेध गर्ने ।

(४) बुँदा नं. ३ बमोजिमका कर्मचारी बाहेक अन्य कर्मचारीहरु आवश्यक पर्दा उपस्थित हुने गरी हरदम सम्पर्क (Stand by) मा रहने र आफ्नो कार्यालय प्रमुखको स्वीकृतिमा घरमै बसी कार्य गर्ने, मोबाइल फोन सम्पर्कमा निरन्तर रहने । सवै प्रमुखहरुले तोकिएको जिम्मेवारीसहित आ-आफ्नो कार्य क्षेत्र नछाड्ने,

(५) प्रतिकुल परिस्थितिमा पनि आफ्नो स्वास्थ्यलाई उच्च ख्याल राख्दै प्राधिकरणको सेवालाई नियमित र दुरुस्त राख्न उत्प्रेरित हुने र सबैबाट हरसम्भब प्रयास गर्ने । कुनै पनि कठिन परिस्थिति आएमा वा आउने पूर्वानुमान भएमा आफूभन्दा माथिल्लो निकायमा जानकारी गराउने ।

(६) बिद्यमान समयमा नेपाल सरकार र प्राधिकरणद्धारा जारी गरिएका सूचनाहरु पालना गर्ने, गराउने । प्राधिकरणको वेबसाईट एवं ईमेलमा आबद्ध भई सोही बमोजिम अद्याबधिक हुने ।

**मितिः २०७६।१२।११**

**कार्यकारी निर्देशक**
**नेपाल विद्युत प्राधिकरण ।**